# नेपाल पेडियाट्रीक सोसाईटी

## NEPAL PAEDIATRIC SOCIETY (NEPAS)

जि.प्र.का. काठमाण्डौ प्र.नं. १७/०४३/४४, प्यान नं. ३०१९५५३८२
Contact No: 9803594327 G.P.O. Box No. 2668, Baluwatar, Kathmandu, Nepal
Email: nepas2010@gmail.com ; office@nepas.org.np / website: www.nepas.org.np


**Ref. No.** 2026-NEP/0828-0149

मिति: २०८३/०५/१२


**ADVISORS**
Dr. Ramesh K. Adhikari
Dr. Kulesh B. Thapa
Dr. Laxman P. Shrestha
Dr. Krishna P. Bista
Dr. R.P. Bichha

**EXECUTIVE COMMITTEE**

**President**
Dr. Arun Kumar Neopane

**Vice President**
Dr. Ram Hari Chapagain

**General Secretary**
Dr. Prakash Joshi

**Treasurer**
Dr. Keshav Agrawal

**Secretary**
Dr. Deepak Rajbhandari

**Joint-Treasurer**
Dr. Smriti Mathema

**MEMBERS**
Dr. Bimala Baniya
Dr. Biraj Parajuli
Dr. Bishow Nath Adhikari
Dr. Deepak Mishra
Dr. Love Kumar Sah
Dr. Pawana Kayastha
Dr. Sangita Shakya
Dr. Santosh Adhikari
Dr. Srijana Basnet

**INTERNATIONAL AFFILIATION**
International Pediatric Association (IPA)

Asia Pacific Pediatric Association (APPA)

South Asian Pediatric Association (SAPA)


## प्रेस विज्ञप्ति

### रसुवाको भोटेकोशीमा आएको आकस्मिक बाढीप्रति गहिरो दुःख, समवेदना र ऐक्यबद्धता

रसुवा जिल्लाको भोटेकोशी नदी क्षेत्रमा आएको विनाशकारी आकस्मिक बाढीबाट भएको मानवीय तथा भौतिक क्षतिप्रति नेपाल पेडियाट्रिक सोसाइटी (नेपास) गहिरो दुःख व्यक्त गर्दछ। यस्तो अकल्पनिय विपदमा ज्यान गुमाउनुहुने सम्पूर्ण व्यक्तिहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना तथा घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछ। यस कठिन घडीमा नेपास, प्रभावित बालबालिका र तिनका परिवार एवं समुदायसँगै रहेको छ।

उद्धार तथा राहत कार्यमा सक्रिय नेपाल सरकार, सुरक्षा निकाय, स्थानीय सरकार, स्वास्थ्यकर्मी, स्वयंसेवक, नागरिक समाज तथा अन्य व्यक्ति र संस्थाहरूको अथक प्रयासप्रति नेपास उच्च सम्मान र प्रशंसा व्यक्त गर्दछ। विपद्को यस संवेदनशील अवस्थामा छिटो, समन्वित मानवीय सहयोग अत्यन्त आवश्यक छ।

प्राकृतिक विपद्को समयमा बालबालिका सबैभन्दा बढी जोखिममा पर्ने समूह हुन्। विस्थापन, सुरक्षित खानेपानी तथा पोषणको अभाव, संक्रमणजन्य रोगको जोखिम, चोटपटक, मानसिक तनाव तथा नियमित स्वास्थ्य सेवामा अवरोधका कारण उनीहरूको स्वास्थ्य र समग्र विकासमा गम्भीर असर पर्न सक्छ। विशेषगरी शिशु, नवजात, कुपोषित तथा दीर्घरोग भएका बालबालिकाको स्वास्थ्य तथा सुरक्षामा विशेष ध्यान दिन आवश्यक छ।

मानवीय संकटका बेला बालबालिका संक्रमण, कुपोषण, चोटपटक, असुरक्षित पानी तथा सरसफाइ, परिवारबाट अलग हुने अवस्था, मानसिक तनाव, उपेक्षा, हिंसा र दुर्व्यवहारको उच्च जोखिममा पर्न सक्छन्। त्यसैले राहत तथा पुनर्स्थापनामा गुणस्तरीय स्वास्थ्य सेवा, औषधि तथा पोषण, सुरक्षित खानेपानी र सरसफाइ, मनोसामाजिक सहयोग तथा सबै बालबालिकाको संरक्षणलाई विशेष प्राथमिकता दिन नेपास आग्रह गर्दछ।

नेपास यस विपद्लाई साझा जिम्मेवारीको घडीका रूपमा लिदै संघ, प्रदेश र स्थानीय सरकार, स्वास्थ्य संस्था, सुरक्षा निकाय, विकास साझेदार, नागरिक समाज, स्थानिय समुदाय तथा स्वास्थ्यकर्मी सबै लाई प्रभावकारी समन्वय र सहकार्यबाट प्रभावित बालबालिका र परिवारको स्वास्थ्य, सुरक्षा र मर्यादा सुनिश्चित गर्न हार्दिक अनुरोध गर्दछ।

करीब ८०० भन्दा बढी बालरोग विशेषज्ञ सदस्य रहेको बालहित केन्द्रित व्यावसायिक संस्था नेपास नवजात शिशु, बालबालिका तथा किशोरकिशोरीको स्वास्थ्य र सुरक्षाप्रति प्रतिबद्ध छ। प्रभावित क्षेत्रमा बालबालिकालाई आवश्यक चिकित्सकीय सेवा, परामर्श तथा बालस्वास्थ्य सम्बन्धी सहयोग उपलब्ध गराउन नेपास र यसका सदस्य बालरोग विशेषज्ञहरू सदा तत्पर रहेको जानकारी गराउदछौं।

**डा. प्रकाश जोशी**
**महासचिव**

**मेजर जनरल (अ.प्रा.) डा. अरुण कुमार न्यौपाने**
**अध्यक्ष**